# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ६ कार्यपालिकाबाट पारित मितिः २०७९।०५।०२

प्रमाणिकरणः२०७९।०५।१६

प्रकाशन मितिः २०७९।०५।१६

## भाग-२

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा स्वास्थ्य बीमा संयोजन समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९

ठाकुरबाबा स्वास्थ्य बीमा संयोजन समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावनाः**

स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २६ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने सहजीकरण गर्ने लगायतका कार्य गर्नको लागि स्थानीय सरकारले तोके बमोजिमको एक स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति रहेनछ भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले ठाकुरबाबा नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी ठाकुरबाबा नगरपालिकाले यो कार्यविधि लागू गरेको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "ठाकुरबाबा स्वास्थ्य बीमा संयोजन समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “ऐन” भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली, २०७५ सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले ऐनको दफा ५ बमोजिमको स्वास्थ्य बीमा कार्यक्रम सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले ठाकुरबाबा नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) "बोर्ड" भन्नाले स्वास्थ्य बीमा बोर्डलाई सम्झनु पर्छ ।

(च) "नगरस्तरीय स्वास्थ्य बीमा संयोजन समिति" भन्नाले कार्यविधिको दफा ३ (१) बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(छ) "वडास्तरीय स्वासथ्य बीमा संयोजन समिति" भन्नाले कार्यविधिको दफा ३ (२) बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## समितिको गठन, काम, कर्तव्य तथा अधिकार

### ३. नगरस्तरीय स्वास्थ्य बीमा संयोजन समितिः

(१) नगरपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिमको नगरस्तरीय स्वास्थ्य बीमा संयोजन समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | - संयोजक |
| (ख) प्रमुखद्वारा मनोनित बढी जनसङ्ख्या भएको कुनै एक वडाका अध्यक्ष | - सदस्य |
| (ग) प्रमुखद्वारा सेवा प्रदायक संस्थाहरुमध्येबाट मनोनित एक जना | - सदस्य |
| (घ) प्रमुखद्वारा मनोनित एक जना महिला स्वास्थ्य स्वयंसेविका | - सदस्य |
| (ङ) स्वास्थ्य शाखा प्रमुख/प्रतिनिधि | - सदस्य |
| (च) स्थानीय दर्ता अधिकारी (स्वास्थ्य बीमा बोर्ड) | - सदस्य |
| (छ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत | - सदस्य सचिव |

(२) समितिको बैठक वर्षमा कम्तिमा चार पटक बस्नेछ ।

(३) सदस्य सचिवले बैठकको कार्यसूची संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ ।

(५) बैठकमा कुनै खास विषय विज्ञ वा पदाधिकारीलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(६) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्यसूची सामान्यतया तीन दिनअघि दिनु पर्नेछ तर कुनै खास विषयमा चौबीस घण्टा अघि जानकारी दिई बैठक बस्न बाधा पर्ने छैन।

(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछन् ।

(८) बैठक बसेको दिनमा पदाधिकारीहरुले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(९) सचिवालयको काम स्वास्थ्य शाखाले गर्नेछ ।

ठाकुरबाबा स्वास्थ्य बीमा संयोजन समितिको गठन तथा सञ्चालन कार्यविधि, २०७९

<u>**४. नगरस्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम, कर्तव्य र अधिकारः**</u> नगरस्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) नगरपालिकाको क्षेत्रभित्र कार्यक्रम विस्तार गर्न प्रवर्धनात्मक कार्यमा सहयोग गर्ने।

(ख) नगरपालिका अन्तर्गतका सरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन नियमावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आवद्ध गर्न सहजीकरण गर्ने।

(ग) अति गरीब परिवारलाई कार्यक्रममा आवद्ध गर्न पालिका र बोर्डबीच समझदारी गर्ने।

(घ) नसर्ने रोगको लागि कार्यक्रमले दिइआएको सुविधा उपलब्ध गराउन वा वृद्धि गर्न बोर्डसँग साझेदारी गर्ने।

(ङ) कार्यक्रमगत रुपमा बोर्डलाई ससर्त अनुदान उपलब्ध गराउन सक्ने।

(च) नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर वृद्धि गर्ने/गराउने र बीमाबाट प्रदान गरिने औषधीहरु नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुद्वारा सञ्चालित फार्मेसीमा उपलब्ध हुने व्यवस्थामा सहयोग गर्ने/गराउने।

(छ) स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलब्धता हुने व्यवस्था गर्ने/गराउने,

(ज) स्वास्थ्य संस्थाहरुमा उपकरण, प्रयोगशाला सेवामा निरन्तता, स्तरोन्नति र पूर्वाधार अभिवृद्धिमा सहयोग गर्ने।

(झ) कार्यक्रम प्रवर्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश र बोर्डसँग समन्वय गर्ने।

(ञ) संयोजन समितिले आवश्यक देखेका बीमा कार्यक्रमसँग सम्बन्धित अन्य विषयहरु।

<u>**५. वडास्तरीय स्वास्थ्य बीमा संयोजन समितिः**</u>

(१) प्रत्येक वडामा स्वास्थ्य बीमा कार्यक्रमलाई सहजीकरण गर्न देहाय बमोजिमको वडास्तरीय स्वास्थ्य बीमा संयोजन समिति रहनेछ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाको अध्यक्ष | - संयोजक |
| (ख) वडा अध्यक्षद्वारा मनोनित एक जना महिला वडा सदस्य | - सदस्य |
| (ग) वडा अध्यक्षद्वारा मनोनित एक जना महिला स्वास्थ्य स्वयंसेविका | - सदस्य |
| (घ) सम्बन्धित वडाको स्वास्थ्य संस्था प्रमुख | - सदस्य |
| (ङ) सम्बन्धित वडाको स्वास्थ्य बीमा दर्ता अधिकारी | - सदस्य |
| (च) वडा अध्यक्षद्वारा मनोनित टोल विकास संस्थाका एक जना अध्यक्ष | - सदस्य |
| (छ) सम्बन्धित वडाको वडा सचिव | - सदस्य सचिव |

(२) सदस्य सचिवले बैठकको कार्यसूची संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ ।

(३) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ ।

(४) बैठकमा कुनै खास विषय विज्ञ वा पदाधिकारीलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

ठाकुरबाबा स्वास्थ्य बीमा संयोजन समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९

(५) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्यसूची सामान्यतया तीन दिनअघि दिनु पर्नेछ तर कुनै खास विषयमा चौबीस घण्टा अघि जानकारी दिई बैठक बस्न बाधा पर्ने छैन।

(६) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछन् ।

(७) बैठक बसेको दिनमा पदाधिकारीहरुले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(८) सचिवालयको सम्बन्धित वडाका वडा सचिवले गर्नेछन् ।

**६. वडास्तरीय स्वाथ्य बीमा संयोजन समितिको काम, कर्तव्य र अधिकारः** वडास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाहरुमा स्वास्थ्य बीमा कार्यक्रमको प्रचार प्रसारमा आवश्यक समन्वय गर्ने।

(ख) नगरस्तरीय स्वास्थ्य बीमा संयोजन समितिको निर्देशन कार्यान्यिन गर्न सहयोग गर्ने।

(ग) स्वास्थ्य बीमा दर्ता अधिकारीहरुलाई आवश्यक सहजीकरण गर्ने।

(घ) समितिले आवश्यक देखेका बीमा कार्यक्रमसँग सम्बन्धित अन्य विषयहरु।

**५. बजेटः** स्वास्थ्य बीमा संयोजन समितिको सचिवालय सञ्चालनको लागि आवश्यक खर्चको व्यवस्था नगरपालिकाले गर्नु पर्नेछ।

## परिच्छेद ३

## विविध

**६. संशोधनः** यस कार्यविधिमा केही संशोधन गर्नुपरेमा नगर कार्यपालिकाले गर्न सक्नेछ।

**७. बाधा अड्काउ फुकाउने अधिकारः** यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्चन पर्न आएमा नगर कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**८. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**९. खारेजीः** यस कार्यविधिमा लेखिएको कुनै विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ । साथै कार्यविधिको खारेजीको अधिकार नगर कार्यपालिकामा निहित रहनेछ।

**१०. व्याख्याः** यस कार्यविधिको दफामा अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकाको हुनेछ ।

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा स्वास्थ्य बीमा संयोजन समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९